सुदूरपश्चिम प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/१२

सुदूरपश्चिमप्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ९ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा विषयविज्ञको रूपमा सूचीकृत हुन इच्छुक तोकिएको योग्यता पुगेका विषयविज्ञहरूको लागि दरखास्त आह्वान गरिएको छ ।

यो सूचना प्रकाशन भएको मितिवाट २१(एक्काइस) दिनभित्र आवेदन दिनु हुन अनुरोध छ । यस सम्वन्धी विस्तृत जानकारी यस मन्त्रालयको वेबसाइटmoitfe.sudurpashchim.gov.np, मन्त्रालयको सूचना पाटीमा समेत हेर्न सक्नु हुनेछ ।

दरखास्त बुझाउने ठेगानाः

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,सुदुरपश्चिम प्रदेश धनगढी ।

विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा ।

फोन नं.:९८४७८७४१९०/९८४७६०९९६८

ईमेल:moitfesudurpaschim@gmail.com

**सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ९ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा विषय विज्ञको रूपमा सूचीकृत हुन सम्बन्धी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सार्वजनिक सूचना।**

सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ८ बमोजिम यस मन्त्रालयले स्वीकृत गर्ने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन र यससँग सम्बन्धित क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची, वातावरणीय व्यवस्थापन योजना पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनसँग राय सुझाव दिनको लागि सम्बन्धित निकायले सो निकायको प्रतिनिधि, प्रस्तावसँग सम्बन्धित निकायको प्रतिनिधि तथा आवश्यकतानुसार विषय विज्ञसमेत रहेको समिति गठन गर्न सक्ने कानुनी व्यवस्था बमोजिम विषय विज्ञहरूलाई विज्ञको रूपमा यससम्बन्धी सूचीकृत भइसकेका समेतलाई काम गर्ने (यस मन्त्रालयले स्वीकृत गर्ने वातावरणीय अध्ययन प्रतिवेदन तयारी काममा परामर्शदाताको विषयविज्ञको रूपमा संलग्न भएका व्यक्तिलाई सूचीकृत विज्ञहरू रोष्टरबाट स्वतः हट्ने) र थप विषय विज्ञ सूचीकृत हुनको लागि देहायको योग्यता र अनुभव भएका विज्ञहरूलाई सूचीकृत हुनको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

प्रथम पटक प्रकाशित मिति वि.सं. २०८३/०४/१२

सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ९ को उपदफा (२) बमोजिम गठन हुने राय सुझाव समितिमा विषय विज्ञको रूपमा सूचीकृत हुन वातावरण विज्ञहरूको लागि दरखास्त आह्वान सम्बन्धी सार्वजनिक सूचना।

१.सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ९ को उपदफा (२) मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने सुझाव समितिमा वातावरण विज्ञको रूपमा काम गर्न इच्छुक हुन इच्छुक महानुभावहरूले तपसिलमा उल्लिखित योग्यताहरूको बमोजिम रही यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र रीतपूर्वक निम्न ठेगानामा देहायको विवरण सहित दरखास्त पेश गर्नु अनुरोध गरिन्छ। यो सूचना तथा मन्त्रालयको सूचनापाटी र Website: **moitfe.sudurpashchim.gov.np**मा समेत राखिएको व्यहोरा अनुरोध छ।

२. आवश्यक शैक्षिक योग्यता:-

(क)नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायका विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र विदेशी शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हकमा त्रि.वि.बाट समकक्षता लिएको हुनु पर्नेछ।

(ख)सिभिल इन्जिनियरिङ वा मेकानिकल इन्जिनियरिङ वा स्ट्रक्चरल इन्जिनियरिङ वा केमिकल इन्जिनियरिङ वा बायो-केमिकल इन्जिनियरिङ वा बायो-मेडिकल इन्जिनियरिङ वा इलेक्ट्रिकल इन्जिनियरिङ वा हाइड्रो इन्जिनियरिङ वा वाटर रिसोर्स इन्जिनियरिङ वा इलेक्ट्रोनिक इन्जिनियरिङ वा आर्किटेक्ट इन्जिनियरिङ वा हार्डवेयर इन्जिनियरिङ वा कृषि इन्जिनियरिङ वा भूगर्भ इन्जिनियरिङ वा माइनिङ इन्जिनियरिङ वा केमिकल इन्जिनियरिङ वा औद्योगिक इन्जिनियरिङ वा रेल्वे इन्जिनियरिङ वा मेटालर्जिकल इन्जिनियरिङ वा भौतिक विज्ञान वा रसायन विज्ञान वा भूगर्भ शास्त्र वा भूगोल वा शहरी विकास योजना वा,

(ग)स्वास्थ्य वा जनस्वास्थ्य विज्ञान वा चिकित्सा शास्त्र वा अस्पताल व्यवस्थापन वा माइक्रोबायोलोजी वा फोहोरमैला व्यवस्थापन वा

(घ)वन विज्ञान वा वन्यजन्तु विज्ञान वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा,

(ङ)कृषि विज्ञान वा पशु विज्ञान वा,

(च)समाजशास्त्र वा मानवशास्त्र वा अर्थशास्त्र वा पुरातत्वशास्त्र वा दीगो विकास वा योजना व्यवस्थापन वा वित्त व्यवस्थापन वा,

(छ)वातावरण कानून वा,

(ज)जीव विज्ञान वा वनस्पति विज्ञान वा,

(झ)वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ वा वातावरण सम्बन्धी अन्य विषय।

**३. कार्य अनुभवः-**

**३.१ देहाय बमोजिमको कार्य अनुभव भएको:-**

(क)नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा कम्तीमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा २ वर्ष वातावरणीय अध्ययन प्रतिवेदन पुनरावलोकन वा स्वीकृति प्रक्रियामा संलग्न भई कार्य गरेको वा,

(ख)माथि २ मा उल्लिखित शैक्षिक योग्यता हासिल गरी वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा कम्तीमा ३ वर्ष वा सो भन्दा बढी कार्य अनुभव भएको वा,

(ग)माथि २ मा उल्लिखित शैक्षिक योग्यता हासिल गरी उल्लिखित विषयमा स्नातक वा सो भन्दा माथिल्लो तहमा ५ वर्ष भन्दा बढी अध्यापन तथा अनुसन्धान गरेको वा कार्य अनुभव भएको वा,

(घ)विगत तीन वर्षदेखि वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा विज्ञको रूपमा रही काम गरेको।

**४. दरखास्त साथ संलग्न गरिनुपर्ने आवश्यक कागजातहरूः-**

(क)वैयक्तिक विवरण

(ख)उल्लिखित शैक्षिक योग्यता सम्वन्धी प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि (समकक्षता आवश्यक पर्नेमा सो समेत)

(ग)कार्य अनुभव सम्वन्धी प्रमाणित प्रमाणपत्र

(घ)वातावरणीय अध्ययन सम्वन्धी तालिम प्रदान गर्ने सम्बन्धित निकायमा दर्ता भएको संस्थाबाट वातावरणीय अध्ययन सम्वन्धी तालिम लिएको भए सो सम्वन्धी कागजातको प्रतिलिपि।

(ङ)कम्तीमा गत आ.व. देखि यस मन्त्रालयले स्वीकृत गर्ने वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा परामर्शदाताको विषयविज्ञको रूपमा संलग्न नभएको भनी विषयविज्ञले स्वःघोषणा सहितको संलग्न ढाँचाको निवेदन पेश गर्नुपर्नेछ।

**५. दरखास्त बुझाउने ठेगानाः-**

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,

विज्ञान, वातावरण तथा जलवायु परिवर्तन महाशाखा ।

फोन नं.:९८४७८७४१९०/९८४७६०९९६८

ईमेल:moitfesudurpaschim@gmail.com

फोटो

निवेदनको ढाँचा

विषयः विज्ञ सदस्यको रूपमा सूचीकृत गरिपाऊँ।

श्रीमान प्रदेश सचिव ज्यु
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
धनगढी, कैलाली ।

महोदय,

उपरोक्त सम्बन्धमा मन्त्रालयको मिति२०८३/०४/१२ को सूचना बमोजिम म सूचनाको सि.नं. २ मा उल्लिखित खण्ड .................. संग सम्बन्धित विषयमा ...................... शैक्षिक योग्यता हासिल गरी ...................... विषयगत क्षेत्रमा (अधिकृत र वढ्ता) कार्य दक्षता भएकोले उक्त विषयगत क्षेत्रको विज्ञ सदस्यको रूपमा सूचीकृत हुन तपसिल बमोजिमका कागजात संलग्न राखी सि.नं. ४ को खण्ड (ड) संग सम्वन्धित गत आ.व. देखि परामर्शदाताको विषय विज्ञको रूपमा संलग्न नभएको स्वःघोषणा समेत गरी यो निवेदन पेश गरेको छु।

निवेदक

नामः ..........................

फोन नं.: ......................

ठेगानाः ......................

इमेल ठेगानाः ...................

संलग्न कागजातहरू

१. वैयक्तिक विवरण।

२. उच्चतम शैक्षिक योग्यता सम्वन्धी प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि (समकक्षता आवश्यक पर्नेमा सो समेत)।

३. कार्य अनुभव सम्वन्धी प्रमाणित प्रमाणपत्र।

४. वातावरणीय अध्ययन सम्वन्धी तालिम प्रदान गर्ने सम्वन्धित निकायमा दर्ता भएको संस्थावाट वातावरणीय अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्वन्धी कागजातको प्रतिलिपि।